# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक ०८ | काठमाडौं | मंगलबार, १८ वैशाख २०८१ | Prabhab National Daily | Tuesday, April 30, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## पहिचान विरोधी ट्याग लागेको एमालेलाई मत

- एमालेका नेम्बाङ विजयउन्मुख
- कांग्रेसका खड्का साढे छ हजार मतले पछाडि
- पहिचानपक्षधर थेगिमलाई सम्मानजनक मत, रास्वापालाई झड्का

■ प्रभाव संवाददाता

**काठमाडौं-** जारी मतगणनाको परिणामलाई आधार मान्दा इलाम–२ मा वंशवादलाई मतदाताले स्वीकार गरेको देखिएको छ । चुनावअघि कांग्रेसका उम्मेदवार डम्बर खड्का, पहिचान पक्षधर स्वतन्त्र उम्मेदवार डकेन्द्रसिंह थेगिमसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार मिलन लिम्बूलगायतले एमाले उम्मेदवार सुहाङ नेम्बाङको उम्मेदवारीलाई नै वंशवादको निरन्तरतासँग जोडेर आलोचना गरेका थिए । तर, मतदाताले यसलाई खारेज गरिदिएको देखियो ।

समाचार तयार पर्दासम्म सुहाङले २१ हजार ३८० मत प्राप्त गरेका छन् । उनलाई पछ्याइरहेका कांग्रेस उम्मेदवार खड्काको मत १४ हजार ७५२ छ । यी दुई उम्मेदवारबीचको मतान्तर छ हजार ६२८ छ । पहिचान पक्षधर स्वतन्त्र उम्मेदवार थेगिमको मत १० हजार १४६ र रास्वपा उम्मेदवार लिम्बूको मत तीन हजार ६०२ छ ।

सार्वजनिक मतपरिणामले सुहाङमाथि लागेको वंशवादलाई चिरेको राजनीतिशास्त्री दीपक गजुरेल बताउँछन् । 'बाउ मरे छोरा र श्रीमान् मरे श्रीमतीलाई उम्मेदवार बनाउने गलत थिति बस्यो । चुनावी अभियानको क्रममा उम्मेदवारहरूले विरोधका लागि मसला नै बनाए तर इलाममा त्यसले फरक पारेन । मतदाताले अस्वीकार गरिदिए,' गजुरेलले प्रभावसँग भने ।

तत्कालीन संविधानसभा अध्यक्षसमेत रहेका एमालेका प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको गत २६ भदौमा निधन भएपछि एमालेले उनकै कान्छो छोरा सुहाङलाई उम्मेदवार बनाउँदा वंशवादको आरोप लागेको थियो । यसलाई विपक्षी दलहरू र एमालेकै असन्तुष्ट पूर्वसांसद मणिकुमार लिम्बूलगायतले वंशवादसँग जोडेर टिप्पणी गरेका थिए । यस्तो टिप्पणीलाई मतदाताले भने खारेज गरेर सुहाङले जिततर्फ अघि बढाएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

### बझाङमा एमालेले खोस्यो कांग्रेसको सिट



एमाले उम्मेदवार दमनबहादुर भण्डारी विजयी

**काठमाडौं (प्रस)-** बझाङ प्रदेशसभा–१ मा नेकपा एमालेका दमनबहादुर भण्डारी निर्वाचित भएका छन् । एमाले बझाङ अध्यक्षसमेत रहेको उनले कांग्रेसका अभिषेकबहादुर सिंहलाई २६७ मतान्तरले पराजित गरेका हुन् । निर्वाचन अधिकृतको कार्यालय बझाङले सोमबार दिउँसो भण्डारी निर्वाचित भएको घोषणा गरेको छ ।

अब दमनको जितसँगै सुदूरपश्चिम प्रदेश संसद्मा एमालेको सिट संख्या बढेको छ भने कांग्रेसको घटेको छ । यहाँ २०७९ मा भएको निर्वाचनमा कांग्रेसका पृथ्वीबहादुर सिंहले माओवादी र नेकपा एकीकृतसहितको गठबन्धनको सहयोगमा चुनाव जितेका थिए । तर, मन्त्री भएको केही महिनामै सवारी दुर्घटनामा परी उनको निधन भयो । कांग्रेसले पृथ्वीको क्षेत्रमा उनकै छोरा अभिषेकलाई उम्मेदवार बनाएको थियो । अन्ततः एमालेका भण्डारीले कांग्रेसको सिट खोसेका छन् । (क्रमशः पृष्ठ ३ मा)

तेस्रो लगानी सम्मेलन

## लगानीकर्ताको आत्मविश्वास बढाउने प्रयास

- दर्जन महत्त्वपूर्ण सम्झौता
- लगानी स्वीकृतिका लागि 'अटोमेटिक रूट'





लगानी सम्मेलनमा विकास साझेदारहरूको सक्रिय सहभागिताले नेपाल लगानीका लागि विश्वकै उत्कृष्टमध्येको लगानी गन्तव्य भएको पुष्टि गरेको छ ।

■ **वर्षमान पुन**
**अर्थमन्त्री**



तेस्रो लगानी सम्मेलनमा प्रदर्शन गरेका परियोजनाहरूमा संसारभरका लगानीकर्ताबाट अत्यधिक चासो प्राप्त गरेका छौं । नेपाललाई एक आकर्षक लगानी गन्तव्यका रूपमा प्रस्तुत गर्न सफल भएका छौं ।

■ **सुशील भट्ट**
**सिइओ, लगानी बोर्ड**

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आयोजना गरेको तेस्रो लगानी सम्मेलन विभिन्न समझदारी गर्दै सोमबार सम्पन्न भएको छ । आइतबार प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेको सम्मेलन सोमबार पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओली र उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले समापन गरे ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तथा लगानी सम्मेलन सचिवालयका संयोजक सुशील भट्टका अनुसार सम्मेलनमा ८०० भन्दा बढी विदेशी प्रतिनिधिसहित दुई हजार ५०० भन्दा बढी व्यक्तिको सहभागिता रह्यो । सम्मेलनबाट नेपालमा लगानीका लागि महत्त्वपूर्ण प्रतिबद्धता प्राप्त भएको उनले दाबी गरे ।

'तेस्रो लगानी सम्मेलनमा प्रदर्शन गरेका परियोजनाहरूमा संसारभरका व्यवसायी, उद्यमी र लगानीकर्ताबाट अत्यधिक चासो प्राप्त गरेका छौं । ऊर्जा, सूचना प्रविधि, पर्यटन र पूर्वाधारजस्ता क्षेत्रहरूमा हाम्रा प्राथमिकता र सम्भावित परियोजना प्रदर्शन गरेर नेपाललाई एक रुचाइएको तथा आकर्षक लगानी गन्तव्यका रूपमा प्रस्तुत गर्न सफल भएका छौं,' भट्टले भने, 'आशयपत्र माग गरिएका १९ र मार्केट साउन्डका नौ परियोजनासहित कूल १५४ परियोजना प्रस्तुत गरिएको थियो । यसबाहेक विभिन्न चरणमा रहेका अरू परियोजना पनि प्रदर्शन गरेका छौं ।'

सम्मेलनका क्रममा लगानीकर्ताहरूसँग महत्त्वपूर्ण छलफल भएको पनि प्रमुख कार्यकारी अधिकृत भट्टले बताए । यो सम्मेलनबाट स्वदेश तथा विदेशका लगानीकर्ताले नेपाल लगानीको आकर्षक गन्तव्यका रूपमा स्वीकार गरेको जिकिर पनि उनले गरे । लगानीकर्ताहरू नेपालमा लगानीका अवसरहरू खोज्न इच्छुक रहेको पनि उको भनाइ छ ।

समापन सत्रमा पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले नेपालको विकास र समृद्धिको साझा आकांक्षा पूरा गर्नका लागि लागि सबै राजनीतिक दलको साझा प्रतिबद्धता रहेको बताए ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## १८ जनालाई ठगी गरी फरार भएका कमल दुबईबाट पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं-** वैदेशिक रोजगार ठगी कसुरमा 'रेड नोटिस' जारी भएका फरार व्यक्ति युएईको दुबईबाट पक्राउ परेका छन् । नेपाल प्रहरीको इन्टरपोल शाखाले अन्तर्राष्ट्रिय स्तरमा रेड नोटिस जारी गरी एनसिबी अबुधाबीको आवश्यक समन्वयमा बाँके खजुरा गाउँपालिका–६, सिमलघारी स्थायी घर भएका कमल विश्वकर्मालाई दुबईबाट पक्राउ गरी नेपाल ल्याइएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

विभागले सोमबार एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगार ठगी कसुरमा विश्वकर्मासमेतको नाममा २०७९ असार १२ गते किटानी जाहेरी परेको भन्दै सन्तोष तामाङसहित १८ जना ठगिएको उल्लेख गरेको छ । विश्कर्माविरुद्ध जाहेरी दिने तामाङसहित १८ जनालाई वैदेशिक रोजगारीका लागि दुबईमा आर्मस् गार्ड र भिआइपी सेक्युरिटी गार्डको काम लगाइदिने भन्दै ८२ लाख ६५ हजार १९० रूपैयाँ लिएर छ जनालाई भिजिट भिसामा दुबई पुऱ्याइ अलपत्र पारेको विभागले जनाएको छ ।

दुबईमा गार्डको काम गर्दा मासिक तलब तीन हजार ५०० दिराम अर्थात् नेपाली एक लाख रूपैयाँसम्म कमाई हुने र त्यहाँ जानका लागि आठ लाख रूपैयाँ लाग्ने भनी विभिन्न किसिमको प्रलोभनमा पारी विश्वकर्माले रकम असुल्न सफल भएको विभागको विज्ञप्तिमा उल्लेख छ । छ जनालाई दुबई पठाई अलपत्र पारी अन्यलाई प्रक्रिया अघि बढ्दै छ भन्दै झुक्याएर रकम लिई फरार विश्कर्मासमेतलाई अन्तर्राष्ट्रियस्तरमा खोजतलास एवं पक्राउका लागि रेड नोटिस जारी गरिएको विभागले बताएको छ ।

दुबईमा पक्राउ परेका विश्वकर्मालाई नेपाल झिकाएर विभागमा दाखिला हुन आएको र निजलाई वैदेशिक रोजगार न्यायाधिकरणबाट यही वैशाख १३ गते सात दिनको म्याद लिई थप अनुसन्धान कार्य भइरहेको विभागले जनाएको छ । अनुसन्धानकै क्रममा विश्वकर्मालाई केशव आचार्यसमेतको जाहेरीले वैदेशिक रोजगार ठगी कसुरमा न्यायाधिकरणको गत कात्तिक २० गतेको फैसलाले सात वर्ष कैद र पाँच लाख रूपैयाँ जरिवाना हुने ठहरी फैसलासमेत भएको खुल्न आएको विभागले उल्लेख गरेको छ । अन्य फरारहरूको हकमा भने खोजी कार्य जारी नै रहेको विभागले बताएको छ ।

### बढ्दो ठगी र उजुरी

विभागले पछिल्लो समय वैदेशिक रोजगारीको नाममा ठगी र उजुरीको संख्या बढ्दै गएको जनाएको छ । वैदेशिक रोजगारीका लागि विशेषगरी क्यानडा तथा युरोपेली देशहरू पठाइदिने भन्दै ठगी गर्ने एवं विभिन्न ठाउँमा पुऱ्याएर अलपत्र पार्ने क्रम बढ्न थालेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । 'अहिले युरोप, क्यानडा पठाइदिने भन्दै ठगी गर्नेको संख्या एकदमै बढेको पाइएको छ,' उनले भने, 'आफू ठगीमा परेको भन्दै उजुरी गर्नेको संख्या पनि उत्तिकै छ ।' उजुरीको प्रकृतिअनुसार क्यानडासहित युरोपेली मुलुक पोर्चुगल, क्रोएसिया, पोल्यान्ड, माल्टा, रोमानियालगायतका देशमा वैदेशिक रोजगारीका लागि पठाइदिने भन्दै ठगी गर्ने गरेको उनले बताए ।

यसरी ठगीमा परेका थुप्रै घटनाहरूमा विभागले कारबाही गर्दै पीडितलाई क्षतिपूर्ति दिलाउने कार्य गर्दै आएको घिमिरेले जानकारी दिए । उनका अनुसार चालु आर्थिक वर्षको नौ महिना (साउन–चैत्र)मा झण्डै एक हजार उजुरी परेका छन् । अधिकांश उजुरीमा संस्थागत (म्यानपावर)बाट भन्दा पनि व्यक्तिगत रूपमा विदेश पठाउने भन्दै ठगी भएको उल्लेख गरिएको विभागले जनाएको छ ।

## मजदुर दिवसको नारा सार्वजनिक




**काठमाडौं (प्रस)-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यस वर्षको १३५औं अन्तर्राष्ट्रिय मजदुर दिवस 'मर्यादित काम, श्रमिकको सम्मान, हाम्रो अभियान' भन्ने मूल नाराका साथ मनाउने भएको छ ।

मन्त्रालयले आइतबार एक विज्ञप्ति जारी गर्दै उक्त नारा सार्वजनिक गरेको हो । स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली श्रमिकहरूले विभिन्न कार्यक्रम गरी उक्त दिवस मनाउन सकिने बताइएको छ ।

यसैबीच मजदुर दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको समस्या समाधानका लागि 'श्रमाधान कल सेन्टर' सञ्चालनमा ल्याइएको उल्लेख गरेको छ । श्रम तथा स्वरोजगारसम्बन्धी कुनै पनि समस्या, गुनासो वा जिज्ञासा भए श्रमाधान कल सेन्टरमा सम्पर्क गरी श्रमिकहरूलाई आवश्यक सहायता लिन पनि बोर्डले आग्रह गरेको छ ।


## प्रेस विज्ञप्ति

एयरलाइन्स कम्पनीहरूले सिण्डिकेट र मिलेमतो गरी अचाक्ली भाडा बढाउने गरेकाले नेपालबाट वैदेशिक रोजगारमा जाने श्रमिकहरूले अत्यन्त महँगो दरमा विदेश जाने हवाई टिकट खरिद गर्नुपर्दा कामदारहरु मर्कामा परेकाले यस विषयमा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराई सुलभ मूल्यमा हवाई टिकट उपलब्ध हुने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछौं । नेपालबाट वैदेशिक रोजगारीमा मलेसियालगायत खाडीका मुलुकहरूमा जाने श्रमिकहरु न्यून आय भएकाहरु रहेको अवगत नै छ । नेपाली श्रमिक लिने रोजगारदाताहरूले महँगीका कारण हवाई टिकट दिन नसक्ने अवस्था आएकाले एकातिर नेपालीले पाउने रोजगारी गुम्ने डर भएको छ भने आफैँले टिकट काट्नु पर्दा न्यून आय भएका श्रमिक मर्कामा परेका छन् । मलेसिया र अरबमा अति न्यून आय स्तर भएका नेपाली श्रमिक वैदेशिक रोजगारीमा जाने कामदारलाई अधिकांश हवाई कम्पनीहरूले पानी तथा खाना उपलब्ध नगराउने, एयरलाइन्सले बिक्री गर्ने खाना पनि अत्यन्त महँगो हुने भएकाले श्रमिकले पानी तथा खाना किनेर खान नसक्ने हुँदा ५ देखि ८ घण्टासम्म भोकभोकै यात्रा गर्नुपर्ने बाध्यता रहेको, मधुमेह तथा उच्च रक्तचाप भएका श्रमिकलाई यात्रा कठिन भई स्वास्थ्यमा गम्भीर असर परिरहेको हुँदा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई खाना तथा पानीको व्यवस्था गर्ने पहल गर्न अनुरोध गर्दछौं । नेपालबाट दैनिक रूपमा १५०० कामदार वैदेशिक रोजगारमा गएका कारण एयरलाइन्सहरूको व्यापार राम्रो भएको सबैलाई अवगत नै छ । यस्तो अवस्था भए पनि केही ट्राभल एजेन्सीको मिलेमतोमा एयरलाइन्सहरूले कृत्रिम अभाव खडा गरी अस्वभाविक रूपमा टिकटको मूल्य वृद्धि गरेर टिकटमा सिण्डिकेट गर्ने र नियमितरूपमा पाउने टिकटको दोब्बर मूल्य टिकटमा कामदार जान बाध्य भएकाले उक्त कालो बजारीलाई रोकेर सस्तो र सुलभ एवम् नियमित टिकटको मूल्यमा कामदार जान पाउने व्यवस्था गराउने पहल गर्न अनुरोध गर्दछौं । सिण्डिकेट गरी अनियन्त्रित रूपमा हवाई भाडा वृद्धि गर्ने कार्यलाई रोकेर सुलभ दरको हवाई टिकट उपलब्ध गराउने व्यवस्था नगरिएमा श्रमिकहरु विदेश जान नपाउने हुँदा वैदेशिक रोजगारीको अवसर गुम्ने र यसले विदेशी मुद्राको सञ्चिति साथै राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक असर पर्ने कुरासमेत अवगत गराउँदै सुलभ मूल्यमा हवाई टिकट, खाना तथा पानी उपलब्ध गराउन आवश्यक पहल गरी दिनु हुन माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूसमक्ष हार्दिक अनुरोध गरिन्छ ।

**राजेन्द्र भण्डारी**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा–८, काठमाडौं
फोन नं.: ०१–४५९०९६९/४५९४४१८/९८०१०९७८८२

पृष्ठ १ बाट क्रमशः

## लगानीकर्ताको आत्मविश्वास...

नेपाल लगानीका लागि नयाँ गन्तव्यका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै उनले लगानीको सुरक्षा प्रत्याभूतिका लागि नेपाल सधैं प्रतिबद्ध रहेको बताए । नयाँ नीति र लगानीका सम्भावनाबारे लगानीकर्तालाई विस्तृतमा जानकारी दिन यो सम्मेलन सफल भएको धारणा उनले राखे ।

उपप्रधान एवं परराष्ट्रमन्त्री श्रेष्ठले लगानी वातावरण बनाउनका लागि नेपालले गरेका नीतिगत सुधारबारे लगानीकर्तालाई जानकारी दिन र उनीहरूका सुझाव तथा प्रतिक्रिया लिन यो सम्मेलन सफल भएको बताए । सम्मेलनमार्फत सरकार र प्रतिपक्ष दलबाट पनि नेपालमा लगानी वातावरण सुधारका लागि उच्च राजनीतिक प्रतिबद्धता प्राप्त भएको बताए । नेपाल लगानीका लागि उत्कृष्ट गन्तव्य हो भन्ने सन्देश गएको उल्लेख गरे ।

काठमाडौंको होटल सोल्टीमा आयोजित सम्मेलनको पहिलो दिन आइतबार तीनवटा सम्झौता भएका थिए । डेटा सेन्टर निर्माण तथा सञ्चालनमा सहकार्यका लागि बिएलसी ग्रुप नेपाल र योट्टा डेटा सर्भिसेस् भारतबीच सम्झौता भएको हो । उक्त सम्झौतामा बिएलसी ग्रुपका प्रबन्ध निर्देशक मेघा चौधरी र योट्टाका प्रमुख कार्यकारी अधिकृत सुनिल गुप्ताले हस्ताक्षर गरेका थिए ।

त्यसैगरी, आइतबार नै नेपाल उद्योग वाणिज्य महासंघ र नेसनल चेम्बर अफ कमर्स मलेसियाबीच द्विपक्षीय व्यापार तथा लगानी प्रवर्द्धनका लागि सहकार्य गर्नेसम्बन्धी सम्झौता भएको थियो । महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री मलेसियाका अध्यक्ष टान सी डाटो थायन लाईले उक्त सम्झौतापत्रमा हस्ताक्षर गरे । त्यसैगरी, महासंघले फेडेरेसन अफ् मलेसियन म्यानुफचाक्चरर्ससँग पनि सहकार्यका लागि सम्झौता गरेको छ ।

### महासंघ र एसोसिएसनबीच सम्झौता

लगानी सम्मेलनको दोस्रो दिन नेपाल उद्योग व्यापार महासंघ (एफएनआइसी) र इन्डियन इन्डस्ट्रिज एसोसिएसन (आइआइए) बीच द्विपक्षीय सहकार्यसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

सम्झौतापत्रमा एफएनआइसीका तर्फबाट अध्यक्ष खिमलाल भण्डारी र आइआइएका तर्फबाट अध्यक्ष अनुजकुमार गर्गले हस्ताक्षर गरे । नेपाल र भारतबीचको लगानी, व्यापार तथा उद्योग क्षेत्रमा आपसी सहकार्य तथा हित प्रवर्द्धनका लागि सहकार्य गर्न यो सम्झौता भएको महासंघका महासचिव खिमनारायण पराजुलीले जानकारी दिए । दुई देशका निजी क्षेत्रबीच भएको यो सम्झौताले मुख्यगरी व्यापारका क्षेत्रमा सहजीकरणका लागि टेवा पुग्ने अपेक्षा गरिएको छ । महासंघले चाइना दोंगन जिङ लङ लाइटिङ प्रडक्ट कम्पनी लिमिटेडसँग पनि नेपालमा लगानी सहजीकरणका लागि सहकार्य गर्नेसम्बन्धी सम्झौता गरेको छ ।

### चेम्बर र क्रोएसियाको निजी क्षेत्रबीच समझदारी

नेपाल चेम्बर अफ कमर्स र क्रोएसियाको व्यावसायिक प्रतिनिधिमण्डलबीच व्यापार र पर्यटन क्षेत्रमा सहकार्य गर्ने विषयमा समझदारी भएको छ । दुवै संस्थाबीच व्यापार सहजीकरण एवं पर्यटन क्षेत्रमा लगानी गर्ने सम्बन्धमा समझदारी भएको चेम्बरले जनाएको छ ।

सम्मेलनमा चेम्बरले जलविद्युत, होटललगायत क्षेत्रका एक दर्जन योजना 'सो-केस'मा राखेको थियो । सो अवसरमा चेम्बर अफ कमर्स र क्रोएसियाका व्यावसायिक प्रतिनिधिमण्डलबीच नेपालमा लगानीको वातावरण, प्रतिफल, उपभोक्ता बजार, कानुनी पाटोलगायत विषयमा छलफल भएको चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवालले जानकारी दिए ।

पिपिपी सहकार्यका लागि दुई संस्थाबीच समझदारी

नेपालमा सार्वजनिक-निजी साझेदारी (पिपिपी) प्रवर्द्धनका लागि 'वर्ल्ड एसोसिएसन अफ पिपिपी युनिट्स एण्ड प्रोफेसनल्स' (वाप) र 'नेपाल एसोसिएसन अफ पिपिपी प्रोफेसनल्स अफ प्राक्टिसनर्स' (नाप) बीच द्विपक्षीय सहकार्यसम्बन्धी समझदारी भएको छ । उक्त समझदारीपत्रमा वापकातर्फबाट अध्यक्ष जियाद-अलेक्स्यान्डर हायक र नापकातर्फबाट अध्यक्ष अनुपकुमार उपाध्यायले हस्ताक्षर गरे ।

समझदारीमा दुवै संस्थाले साझा चासोका विषयमा सहकार्य गर्ने, सार्वजनिक-निजी साझेदारी (पिपिपी)सम्बन्धी ज्ञान तथा अनुभव आदानप्रदान गने' उल्लेख छ । नेपालमा भौतिक पूर्वाधार तथा पिपिपी पाइपलाइन सुदृढीकरण, पिपिपी परियोजना र कार्यक्रम तयारी र कार्यान्वयनमा अन्तर्राष्ट्रिय असल अभ्यास प्रवर्द्धनका लागि सहकार्य, संयुक्त रूपमा सभा, सम्मेलन, गोष्ठीको आयोजना गर्न तथा संयुक्त प्रकाशनहरू तयार गर्न दुवै संस्था सहमत भएका हुन् ।

यस सहकार्यले नेपालमा पिपिपीसम्बन्धी ज्ञान, अनुभव तथा क्षमता अभिवृद्धिका साथै पिपिपी परियोजनाहरूको सुदृढीकरणमा सहयोग पुग्ने नापका अध्यक्ष उपाध्यायले बताए । 'यस समझदारीले पिपिपीका क्षेत्रमा लामो अनुभव, अनुसन्धान र व्यावहारिक ज्ञान हासिल गरेको र विशिष्टीकृत संस्थाका रूपमा विश्वव्यापी पहिचान बनाएको वापसँग सहकार्यको ढोका खुलेको छ,' उनले भने ।

वापका अध्यक्ष जियाद-अलेक्जेण्डर हायकले पिपिपी परियोजना कार्यान्वयनमा नेपालको लामो अनुभव रहेको र खासगरी जलविद्युत् एवं स्वच्छ ऊर्जाका क्षेत्रमा नेपालमा पिपिपीले रूपान्तरण ल्याएको उल्लेख गर्दै नेपालको आफ्नै अनुभव पनि अद्वितीय रहेको बताए । स्वीजरल्याण्डको जेनेभामा मुख्यालय रहेको वाप पिपिपीका क्षेत्रमा अध्ययन, अनुसन्धान र अन्तर्राष्ट्रिय असल अभ्यास प्रवर्द्धन गर्ने गैरसरकारी संस्था हो । त्यस्तै, नाप नेपालका पिपिपी अभ्यासकर्ताहरूको संस्था हो ।

साखः एण्ड कम्पनी प्राइभेट लिमिटेड र बोर ग्रुप अफ होटल चाइनाबीच होटल व्यवसायमा सहकार्यसम्बन्धी आरएमबी पाँच करोडदेखि १० करोडसम्म लगानीका लागि सम्झौता भएको छ ।

### रारामा रिसोर्ट निर्माण गर्न अस्ट्रेलियन लगानी

मुगुको रारा ताल क्षेत्रमा सुविधासम्पन्न रिसोर्ट खोल्नका लागि अस्ट्रेलियन लगानी भित्रिने भएको छ । लगानी सम्मेलनको दोस्रो दिन रिसोर्टमा लगानीका लागि अस्ट्रेलियाको एक्सपर्ट ग्रुपसँग सम्झौता भएको हो ।

लगानीसम्बन्धी सहकार्यका लागि एक्सपर्ट ग्रुपका बद्री अर्याल र सञ्जीव शर्मा तथा रारा होल्डिङ्स रिसोर्ट प्रालिका अभिषेकविक्रम शाहले हस्ताक्षर गरे । मुगुको छायानाथ रारा नगरपालिका-९, मुर्माटपमा ८० रोपनी क्षेत्रफलमा बन्ने यो रिसोर्टमा पहिलो चरणमा करिब ७० करोड र दोस्रो चरणमा करिब ४० करोड रूपैयाँ बराबर लगानी गरिने शाहले जानकारी दिए ।

डेढ वर्षभित्र निर्माण सम्पन्न गरिसक्ने लक्ष्य राखिएको रिसोर्ट स्थानीय स्रोतसाधनको प्रयोग र त्यहाँको संस्कृति झल्किने गरी निर्माण गर्न विस्तृत परियोजना प्रतिवेदनसमेत बनिसकेको शाहले बताए ।

### नौ अर्ब १३ करोड बराबर लगानी स्वीकृत

तेस्रो लगानी सम्मेलनका क्रममा उद्योग विभागमार्फत विभिन्न चारवटा परियोजनाका लागि नौ अर्ब १३ करोड रूपैयाँ बराबरको लगानी स्वीकृत भएको छ । उद्योग विभागअन्तर्गतको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाका निर्देशक शंकरसिंह धामीकाअनुसार भक्तपुरमा लगानी कम्पनी स्थापनाका लागि छ अर्ब, काठमाडौंमा व्यावसायिक भवन निर्माणका लागि तीन अर्ब, संयुक्त अधिराज्यको एकेलस इनर्जी लिमिटेडको ८५ प्रतिशत र कैलालीको मोहन्याल गाउँपालिकाको १५ प्रतिशत लगानीमा २०० किलोवाट क्षमताको जलविद्युत् आयोजना निर्माणका लागि सात करोड ६६ लाख र ललितपुर जिल्लामा होटल तथा रेस्टुरेन्ट निर्माणका लागि छ करोड २५ लाख बराबर लगानी स्वीकृत भएको छ ।

विभागले सोमबार स्वचालित मार्ग (अटोमेटिक रुट) मार्फत विदेशी लगानी स्वीकृति हुने प्रणालीको उद्घाटनसमेत गरेको छ । सरकारले स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत गर्ने व्यवस्थाका लागि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को पहिलो संशोधन गरी यही वैशाख ७ गते प्रकाशित भएको राजपत्रअनुसार सतप्रतिशत सेयर स्वामित्व वा संयुक्त लगानीमा नयाँ कम्पनी संस्थापना गर्न वा विदेशी लगानीमा संस्थापना भई सञ्चालनमा रहेको विदेशी लगानीकर्ताले त्यस्तो कम्पनीमा पुँजी वृद्धिका लागि लगानी गर्न स्वचालित मार्गमार्फत निवेदन दिने तथा स्वीकृत गर्ने व्यवस्था कायम रहेको छ ।

तेस्रो लगानी सम्मेलनलाई दृष्टिगत गर्दै उद्योग विभागले स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत गर्नका लागि विद्युतीय प्रणाली तयार गरिसकेको छ । विदेशी लगनीकर्ताले उक्त प्रणालीबाट आवेदन दिई विदेशी लगानी स्वीकृत गरिएको पत्र इमेलमार्फत आवेदन दिनेबित्तिकै प्राप्त गर्न सक्ने छन् । सोही आधारमा कम्पनी दर्ता गर्न सक्ने जानकारी दिइएको छ ।

सूचना प्रविधिमा आधारित उद्योगहरूका लागि स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत गर्दा लगानीको न्यूनतम सीमा लागू गरिएको छैन । उक्त स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत हुँदा लगानीकर्ताको समय र खर्चको बचत हुन गई लगानीको वातावरण बढ्ने अपेक्षा गरिएको छ ।

### लगानी सम्मेलन सफल भएको सरकारको दाबी

अर्थमन्त्री वर्षमान पुनले तेस्रो लगानी सम्मेलन भव्यरूपमा सफल भएको बताएका छन् । सम्मेलनमा सहभागी हुन आएका विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) तथा नेपालका लागि विभिन्न देशका राजदूतसँगको सोमबार बिहान भएको 'साइडलाइन' बैठकमा पुनले सम्मेलन सफल भएको बताएका हुन् ।

लगानी सम्मेलनमा विकास साझेदारहरूको सक्रिय सहभागिताले आफूहरू उत्साहित भएको पुनले बताए । विकास साझेदार, लगानीकर्ता र सरोकारवालाहरूको उल्लेख्य उपस्थितिले लगानी सम्मेलन सफल भएको उनको भनाइ थियो । लगानी सम्मेलनमा भएको उपस्थितिले नेपाल लगानीका लागि विश्वकै उत्कृष्टमध्येको लगानी गन्तव्य भएको पुष्टि गरेको मन्त्री पुनले बताए ।

बैठकमा विकास साझेदारसँगको सहकार्यलाई आगामी दिनमा थप सुमधर बनाइने मन्त्री पुनले प्रतिबद्धता जनाए । 'जुन स्तरमा लगानीकर्ता, विकास साझेदार र सरोकारवालाहरूको उपस्थिति देखिएको छ, त्यसबाट लगानी सम्मेलन सफल भएको छ,' मन्त्री पुनले भने, 'नेपाल लगानीका लागि उदीयमान र आकर्षक गन्तव्य हो र यहाँ लगानीका प्रशस्त अवसरहरू छन् भन्ने तथ्यलाई स्थापित गर्न हामी सफल भएका छौं ।'

लगानी सम्मेलन सचिवालयका संयोजक तथा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले सम्मेलनबाट स्वदेश तथा विदेशका लगानीकर्ताले नेपाल लगानीको आकर्षक गन्तव्यका रूपमा रहेको सन्देश दिन सफल भएको बताए । 'लगानी सम्मेलनका क्रममा सार्वजनिक-निजी साझेदारी अवधारणालाई अगाडि बढाउनका लागि समझदारीपत्रसहित करिब एक दर्जन समझदारीमा हस्ताक्षर भएको छ । यसबाहेक ३० भन्दा बढी विदेशी प्रतिनिधिमण्डलले विभिन्न सम्बन्धित मन्त्रालयका मन्त्रीहरूसँग छुट्टाछुट्टै भेटघाट गरेका छन्,' भट्टले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले नेपाललाई दक्षिण एसियाको मुख्य पर्यटन गन्तव्यका रूपमा विकास गरिने विश्वास व्यक्त गरे । पर्यटनमन्त्री तामाङले राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) अन्तिम चरणमा रहेको उल्लेख गरे । उनले पर्यटन क्षेत्रका नीतिगत व्यवस्थालाई समसामयिक सुधार गरी लगानीमैत्री बनाइने बताए ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले मुलुकको आवश्यकतालाई पहिचान गरेर १६औं योजनाको लक्ष्य र कार्यक्रम निर्धारण गरिएको बताएका छन् । लगानी सम्मेलनको दोस्रो दिन आयोजित 'हार्नेसिङ ग्रीन फाइनान्स फर सस्टेनेबल इन्भेस्टमेन्ट' सत्रलाई सम्बोधन गर्दै श्रेष्ठले आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा रहेको ऊर्जा क्षेत्रको विकास र विस्तारमा उत्तिकै प्राथमिकता दिइएको बताए ।

लगानीका विभिन्न सम्भाव्य क्षेत्रमध्ये ऊर्जा क्षेत्र सरकारको विशेष प्राथमिकतामा रहेको र सो हीअनुसारको कार्यक्रमसमेत तय गरिएको उनको कथन छ । लगानी विस्तार गर्नुपर्ने प्रमुख क्षेत्रका रूपमा कृषि रहेको र त्यसलाई आधुनिकीकरण गर्नु जरुरी रहेको उल्लेख गर्दै उनले आधुनिक खेती प्रणालीका लागि आवश्यक स्रोत र साधनको प्रबन्ध जरुरी रहेको बताए ।

■■■

## पहिचान विरोधी...

निर्वाचत अधिकृतको कार्यालयका अनुसार इलाम-२ मा करिब ६० प्रतिशत मत खसेको छ । फाकफोकथुम गाउँपालिका, चुलाचुली गाउँपालिका, माङ्सेबुङ गाउँपालिका, माइ नगरपालिका र देउमाइ नगरपालिकाको मतपरिणाम आइसकेको छ । इलाम नगरपालिकाको चारवटा वडाको मतगणना जारी छ ।

मतगणना भइरहेकामध्ये केही वडामा सुहाङकै अग्रता कायम छ । अधिवक्तासमेत रहेका सुहाङले लगातार मतान्तर बढाइरहेका छन् । निकटतम प्रतिद्वन्द्वी कांग्रेसका खड्का छ हजारभन्दा बढी मतले पछि परेका छन् । यहीबीच एमाले नेता कार्यकर्ताले इलाममा हर्षोल्लास मनाउन थालेका छन् । वंशवादको आरोप चिर्दै संसदीय राजनीतिको यात्रा तय गर्न सुहाङ सफल भएको रूपमा अर्थ्याउन थालिएको छ ।

अर्कोतिर एमालेमाथि लागेको पहिचान विरोधी दलको आरोप पनि खारेज भएको एमालेले जनाएको छ । कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडाले ब्यालेट बक्समा जनताले मत खसालेर पहिचानकै कित्तामा एमाले रहेको प्रस्टचाएको बताए ।

'एमालेमाथि बारम्बार प्रहार भएकै हो । पहिचान विरोधीको टचाग लगाए । ठाउँठाउँमा एमाले नेता कार्यकर्तामाथि आक्रमणको प्रयास भयो तर ब्यालेट बक्सले त्यस्तो आरोपलाई अमान्य भन्यो,' उनले भने ।

यसअघि एमालेको झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्रादेखि मेची यात्राको क्रममा पहिचान पक्षधरहरूले एमाले नेता कार्यकर्तालाई ठाउँठाउँमा अवरोध पुऱ्याएका थिए । दुवै यात्राको नेतृत्व एमाले अध्यक्ष केपी शर्मा ओलीले गरेका थिए । त्यसबेला ओलीले पहिचान विरोधी अभिव्यक्ति दिएका थिए । त्यसपछि उनी र उनको दल एमाले पहिचानपक्षधरको तारो बनेको थियो । हुन पनि १७ फागुन २०७९ मा एमाले नेतृत्वकै सरकारले प्रदेशको नाम कोशी प्रस्ताव गर्दा कांग्रेस, माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को समर्थनमा प्रदेशको नाम कोशी कायम भएको थियो । यसपछि एमालेलाई पहिचान पक्षधरहरूले पहिचान विरोधी दल भनेका हुन् । तर, एमालेका सुहाङले पाएको मतले भने त्यस्तो देखाएन ।

जबकि, कांग्रेस उम्मेदवार खड्का भने प्रदेशको नाम कोशी राखिएपछि पहिचानको आधारमा पुनः नामंकन गर्नुपर्छ भन्ने कांग्रेस जिल्ला सभापति हुन् । तर, उनी सुहाङभन्दा धेरै पछि परे । उनलाई सुहाङविरुद्ध जित निकाल्न निकै मुस्किल पर्ने देखिएको छ । तेस्रो स्थानमा रहेका पहिचान पक्षधर उम्मेदवार डकेन्द्रले भने अनपेक्षित मत प्राप्त गरिरहेका छन् । मुढा चुनाव चिह्न लिएर चुनावी मैदानमा होमिएको १५ दिनमै १० हजारभन्दा बढी मत प्राप्त गरेका छन् ।

उनले प्रभावसँग भने, 'मैले प्राप्त गरेको मत प्रदेशको नाम कोशी फेरौं भन्ने जनताको हो । यो मतले मलाई थप जिम्मेवार बनाएको छ र १५ दिनमा यति धेरै सफलता पाउनु मेरा लागि र पहिचान आन्दोलनको उपलब्धि हो ।'

थेगिमले पहिचान आन्दोलन उठेको माङ्सेबुङ र चुलाचुलीमा अधिक मत पाएका थिए । माङ्सेबुङको पाँच नम्बर वडामा त डकेन्द्रले ९५ प्रतिशत मत नै पाए । यी दुई स्थानीय तहको विभिन्न वडामा लिड नै गरे । तर, उनी अहिले तेस्रो स्थानमा छन् । उनले पहिचान आन्दोलनलाई चुनावी प्रक्रियामार्फत स्थापित गरेको बताएका छन् ।

तर, पहिचानको मुद्दामा अस्पष्ट रास्वपा उम्मेदवार मिलन भने धेरै हजार मतान्तरले पछि परेका छन् । चुनावी प्रचारको क्रममा रास्वपा सभापतिसमेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, उपसभापति डोलप्रसाद अर्यालसँगै डा. स्वर्णिम वाग्लेलगायतलाई इलाम-२ का कतिपय मतदाताले पहिचानबारेको धारणा सार्वजनिक गर्न आग्रह गरेका थिए । त्यसको जवाफ दिन लामिछानेसहितको नेताहरू हिच्किचाएका थिए । त्यसको परिणामले मिलन चौथो स्थानमा खुम्चिनु परेको विश्लेषण हुन थालेको छ । फेरि, सभापति लामिछानेसहित नेताहरू सहकारी ठगी प्रकरणमा मुछिएर बद्नाम छन् । यसको असर पनि परेको रास्वपाका चुनाव परिचालन समितिमा रहेका एक नेताले बताए ।

उसो त प्रदेशको नाम पहिचानको आधारमा राख्नुपर्छ भन्दै आएको दल नेकपा एकीकृत समाजवादीको लज्जास्पद स्थिति छ । उम्मेदवार जितबहादुर राईले एक हजार मत पनि कटाएका छैनन् । चुनावी कमाण्डर पूर्वप्रधानमन्त्रीसमेत रहेका एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल हुन् । यद्यपि, सार्वजनिक मत परिणामले पहिचानको पक्षपाती दल भए पनि जनमत देखिएन । यसलाई कतिपयले भने खनालको चुनावी कमान्ड असफल भएको भन्न थालेका छन् । चुनावमा केही दल र स्वतन्त्रगरी ११ जना उम्मेदवारले भने २०० मत पनि कटाएका छैनन् ।


ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!

शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: NOUR ARJAAN BY ROTANA - FUJAIRAH, UAE
कम्पनी : नोर अर्जान बाई रोटाना- फुजाइरा, युएई

Pre Approval Date : 2024-03-25 पूर्व स्वीकृति मिति : २०८०/१२/१२ | Post Approval Date : 2024-04-29 पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/१७ | LT. No.302286 एल टि न. ३०२२८६ | चलानी नं. ६०२१७२४० Invoice No. 60217240

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 5 | 0 | 1850 | ६७,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Chamberman/chambermaid/housekeeping Attendent/room | 15 | 15 | 1300 | ४६,९७० | | | | | | | |
| 3 | Housekeeping Supervisor | 10 | 10 | 2550 | ९२,६२५ | | | | | | | |
| 4 | Plumber | 5 | 0 | 2350 | ८५,३६० | | | | | | | |
| 5 | Waiter/waitress | 15 | 15 | 1400 | ५०,८७० | | | | | | | |

The interview will be conducted in the office on 5th May, 2024.
अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २३ गते हुनेछ ।

COMPANY: MIRAMAR AL AQAH BEACH RESORT, UAE
कम्पनी : मिरामार अल अक्वा बिच रिसोर्ट, युएई

Pre Approval Date : 2023-12-11 पूर्व स्वीकृति मिति : २०८०/०८/२५ | Post Approval Date : 2024-04-29 पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/१७ | LT. No.296266 एल टि न. २९६२६६ | चलानी नं. ६०२११३९५ Invoice No. 60211395

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 5 | 0 | 1400 | ५०,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 5 | 5 | 1900 | ६९,०४० | | | | | | | |
| 3 | Mini Bar Attendent | 5 | 0 | 1000 | ३६,१३० | | | | | | | |
| 4 | Room Attendant | 15 | 15 | 1000 | ३६,१३० | | | | | | | |
| 5 | Waiter/waitress | 15 | 15 | 1200 | ४३,३५५ | | | | | | | |

The interview will be conducted in the office on 7th May, 2024.
अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २५ गते हुनेछ ।

COMPANY: ONE & ONLY ROYAL MIRAGE, UAE
कम्पनी : ओन एण्ड ओन्ली रोयल मिराज, युएई

Pre Approval Date : 2024-02-29 पूर्व स्वीकृति मिति : २०८०/११/१७ | Post Approval Date : 2024-04-29 पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/१७ | LT. No.300577 एल टि न. ३००५७७ | चलानी नं. ६०२१५७०४ Invoice No. 60215704

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Commis | 20 | 20 | 1000 | ३६,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant Waiter/waitress | 20 | 10 | 1050 | ३७,९३५ | | | | | | | |
| 3 | Bellman | 10 | 0 | 950 | ३४,३२५ | | | | | | | |
| 4 | Chef De Partie | 25 | 0 | 2500 | ९०,३२५ | | | | | | | |
| 5 | Commis I | 15 | 5 | 1500 | ५४,१९५ | | | | | | | |
| 6 | Commis II | 10 | 10 | 1000 | ३६,१३० | | | | | | | |
| 7 | Commiss II | 15 | 5 | 1200 | ४३,३५५ | | | | | | | |
| 8 | Demi Chef De Partie | 25 | 0 | 2000 | ७२,२६० | | | | | | | |
| 9 | Hostess | 0 | 10 | 1300 | ४६,९७० | | | | | | | |
| 10 | Housekeeping Attendant | 25 | 25 | 1000 | ३६,१३० | | | | | | | |
| 11 | Kids Club Attendant | 2 | 8 | 1250 | ४५,१६० | | | | | | | |
| 12 | Laundry Attendant | 15 | 5 | 1000 | ३६,१३० | | | | | | | |
| 13 | Pool Attendant | 10 | 10 | 1000 | ३६,१३० | | | | | | | |
| 14 | Senior Chef De Partie | 25 | 0 | 3000 | १०८,३९० | | | | | | | |
| 15 | Spa Therapist | 5 | 15 | 1800 | ६५,०३५ | | | | | | | |
| 16 | Telephone Operator | 2 | 8 | 1200 | ४३,३५५ | | | | | | | |

The interview will be conducted in the office on 6th May, 2024.
अन्तर्वाता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख २४ गते हुनेछ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले ब्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले ब्यहोर्ने रोजगारदाताले ब्यहोर्ने
who will bear the Service Fee By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।

We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



Kaligandaki Rural Municipality
Office of Rural Municipal Executive
Purtighat, Gulmi

Invitation for Online

2nd Date of Publication: 30th Apr. 2024 (2081-01-18)

1. Kaligandaki Rural Municipality invites electronic bids from eligible bidders for the **below mentioned work** under National Competitive Bidding Procedures.
2. The details of the project is as follows:

| S. N. | Contract No. | Contract Name | Estimated Amount (Nrs) (Inclusive of VAT) | Bid Security Amount (Nrs) | Cost of Bid Document (Nrs) | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1 | KRM/G/080/81-03 | Procurement and Supply of Steel Tubular Pole and transportation upto Roadhead | 14,35,201.7 | 40,000 | 1,000 | 15th May 2024 12:00 PM | 15th May 2024 2:00 PM |

3. Bidders can get further information from office of Kaligandaki Rural Municipality, Purtighat, Gulmi (Fascaline No. 9857089605, website https://kaligandakimungulmi.gov.np/ or visit PPMO's website: www.bolpatra.gov.np/egp .
4. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Kaligandaki Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

# आगलागी र डढेलोको जोखिम न्यूनीकरण गर्न आयोगको आग्रह

**काठमाडौं (प्रस)**– राष्ट्रिय मानवअधिकार आयोगले आगलागी तथा डढेलोको जोखिम न्यूनीकरण गर्नका लागि प्रभावकारी कदम चाल्न सरकारसँग आग्रह गरेको छ। आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा आगलागी नियन्त्रणमा प्रयोग हुने सामग्री तथा सुरक्षा उपकरण, तालिम, पूर्वतयारी, सुरक्षा, प्रतिकार्यलगायतका विषयमा उचित व्यवस्था गर्न सरकारसँग माग गरेको हो ।

आयोगले यससम्बन्धी आमसञ्चार माध्यममार्फत सचेतनामूलक सामग्रीको प्रकाशन तथा प्रसारण गर्नसमेत आग्रह गरेको छ। पछिल्ला केही दिनदेखि देशका विभिन्न भागमा आगलागी र डढेलोका घटनाबाट नागरिकको जीउधनको क्षति भइरहेको छ। आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको जनाएको छ।

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-६, जरलहवा टोलमा २०८१ साल वैशाख १२ गते भएको आगलागीबाट ९१ कच्ची र नौवटा अर्धपक्की गरी १०० वटा घर जलेका थिए। उक्त घटनाबाट ४५५ जना प्रभावित भएका छन्। पछिल्लो २४ घण्टामा देशका विभिन्न जिल्लाका ४९ स्थानमा आगलागी र ४८ स्थानमा डढेलो लाग्दा एकजनाको मृत्यु हुनुका साथै चारजना घाइते भएका छन्।

घटनापश्चात् तत्कालै राहत व्यवस्थापन हुन नसक्दा पीडित थप समस्यामा परेको देखिएको छ। विगत एक वर्षमा आगलागी तथा डढेलोबाट ११४ जनाको मृत्यु भएको, पछिल्लो एक महिनामा १४ जनाको आगलागी र आठजनाको डढेलोमा परी मृत्यु भएको आयोगको जानकारीमा रहेको उल्लेख छ।

सुरक्षाकर्मी तथा स्थानीयवासी पूर्वतयारी तथा पर्याप्त सुरक्षा उपकरणविना आगलागी नियन्त्रणमा परिचालित हुँदा मानवीय क्षति भएको पाइएको आयोगको भनाइ छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यक्रम अत्यन्त न्यून रूपमा भएको र भएका पनि सहर केन्द्रित भएको देखिएको छ।

'वायु प्रदूषण हुनमा आगलागी र डढेलोको प्रत्यक्ष भूमिका हुन्छ, पछिल्ला वर्षमा नेपाल विश्वमा सबैभन्दा धेरै वायु प्रदूषण हुने देशहरूको सूचीमा पर्दै आइरहेको छ, यसका विभिन्न कारणमध्ये आगलागी र डढेलो प्रमुख मानिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'नेपालको कूल क्षेत्रफलको ४४.७४ प्रतिशत वन क्षेत्र हुनु सकारात्मक पक्ष भएता पनि वनमा हुने आगलागी तथा डढेलो नियन्त्रण तथा न्यूनीकरण गर्न सरकारी वन, साझेदारी वन, सामुदायिक वन, कबुलियती वन, निजी वन लगायतको व्यवस्थापन कार्ययोजना प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ, वनजंगल संरक्षण तथा व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप र अभ्यासको खोजी तथा प्रवर्द्धन गर्न जरुरी छ।'

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०६/१५ मा दर्ता भएको **प्रा.लि. नं. ११६६२७** को **समृद्ध एग्रिकल्चर एण्ड रिसर्च सेन्टर प्रा. लि.** को मिति २०८०/१२/१९ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: जिवन कुमार थापा, इजाजतपत्र नं. ४२२**
**ठेगाना : डिल्लिबजार, काठमाडौं, फोन नं. ९८४१६९६९६६**

## पृष्ठ १ बाट क्रमशः

### बझाङमा...

अन्तिम मत परिणामअनुसार एमालेका भण्डारीले ११ हजार ६१३ मत पाएका छन्। उनका निकटतम् प्रतिस्पर्धी कांग्रेसका अभिषेकले ११ हजार ३४६ मत प्राप्त गरे। यसैगरी नेकपा माओवादी केन्द्रका जनकबहादुर बुढाको तीन हजार ९६७ मत पाउँदा नेकपा एकीकृत समाजवादीका दिलबहादुर सिंहले दुई हजार ५१३ मत प्राप्त गरेका छन्। यहाँ ११ जना उम्मेदवारबीच प्रतिस्पर्धा भएको थियो। प्रदेश सांसद निर्वाचित भण्डारी २०५४ सालमा गाविस अध्यक्ष थिए।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०१/१८

यस कम्पनीको मिति २०७९/०२/२० मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **अंकुर इनकर्पोरेट प्रा.लि. (प्रा.लि. नं. १९४९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/२७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ओलम्पिया स्कुल काठमाण्डौं प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०९/१२ मा दर्ता भएको प्रा.लि.नं.२९५५३८/०७९/०८० को **ब्राईट सुपेरियर ट्रेनिङ् एण्ड एजुकेशनल कन्सल्तटेन्सी** को मिति २०८१/०१/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगाना: अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW TOP GRADE CLEANING HOSPITALITY AND TRADING

पुर्व स्वीकृति मिति २०८०/०५/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१७ | LT. No. :291196 | चलानी नं.६०२०६३८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Representative | 10 | 0 | 2200 | ८०,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २५ गते (7th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Centre Overseas Pvt. Ltd.**
**THE CENTER OVERSEAS CONCERN PVT.LTD**
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806
श्रम ईजाजत नं. ०८५/०५३/०५४

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ABDULAZIZ MOHAMMED AL-ZAKRY ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE CO

पूर्व स्वीकृति मिति : २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१७ | LT. No. 302649 | चलानी नं.:६०२१७५०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 7 | 0 | 1200 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL DAEM AL MUJADDID CONTRACTING COMPANY IS ONE PERSON CO

पूर्व स्वीकृति मिति : २०८१/०१/१४ | LT. No. 303900 | चलानी नं.:६०२१८७६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 20 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २५ गते (7th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम ईजाजत नं. १३१८/७४/७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SMART METERS TRADING CO.

पुर्व स्वीकृति मिति: २०८१/०१/१६ | LT. No. 303956 | चलानी नं. ६०२१८७५६

**रजिस्ट्रेसन.नं.: २०१६-२-०३-२७६२**
**रोल.नं.: १७०३१४४०**
**ठेगाना.: भक्तपुर, बालकोट**
**सम्पर्क: ९८६०१३७६२८**

## काठ/दाउरा वोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति: २०८१/०१/१८**

वनशक्ति सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा विभिन्न ३ वटा लट बनाई राखिएको साल गोलिया काठ २२६१.३५ घ.फि., असना गोलिया काठ ३८५.५१ घ.फि., जामुन गोलिया काठ २७.२७ घ.फि., बाँझी गोलिया काठ ७१५.५६ घ.फि., कर्मा गोलिया काठ १७१.४० घ.फि. र खमारी गोलिया काठ ८४.१० घ.फि. जे जस्तो छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समूह जीतपुर सिमरा**
**उ.म.न.पा. वडा नं. २२, चक्करी, बारा**

## एअर डाइनेष्टि एसिस्टेन्स सर्भिसेज (प्रा. लि.) (लिक्वीडेशन) सम्बन्धमा

## हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति: २०७३।०१।१४ मा दर्ता भएको प्रा.लि.नं. १४८३५९ को एअर डाइनेष्टि एसिस्टेन्स सर्भिसेज (प्रा. लि.) लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति: २०८०।११।११ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर**
**श्री शेर बहादुर रोकाया**
**इजाजत पत्र नं. २८७**
**फोन: ९८५११६३७२३**

सुदूर पश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**महाकाली प्रादेशिक अस्पताल**
कञ्चनपुर

## दरभाउपत्र प्रकाशित सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०१/१८ *(30th April 2024)***

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल बमोजिमको कार्यको लागि दरभाउपत्र सम्बन्धि प्रकाशित सूचनाको बिस्तृत विवरण यस कार्यालयको सूचना पाटि र http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ ।

**तपसिल:**

| सि.न. | ठेक्का न. | कामको विवरण | धरौटी रकम | दर भाउपत्र स्तर | लागत अनुमान मु.अ.कर बाहेक | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खुल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | MPH/SQ/Goods/2080/081-03 | अस्पतालका लागि औषधि तथा औषधिजन्य मालसमान खरिद | ९५०००। | १०००। | ३५८९९२० | २०८१।०२।०२ दिउसो १२ बजे सम्म | २०८१।०२।०२ दिउसो २ बजे |

**मेडिकल सुपरिन्टेन्डेण्ट**

प्रभाव दैनिक

रूपशाला

मंगलबार १८, वैशाख २०८१ (Tuesday, April 30, 2024)

## कलाकार सिपी लोहनीको निधन



कलाकार सिपी लोहनीको निधन भएको छ । उनको अन्नपूर्ण न्यूरो अस्पतालमा उपचारको क्रममा निधन भएको हो । लोहनी चर्चित नेपाली चलचित्र माइतीघरका नायक हुन् । उनी पार्किन्सन,अल्जाइमर्स र नियोनियाबाट ग्रसित थिए । ८६ बर्षका लोहनीको उपचारकै क्रममा सोमबार निधन भएको हो । उनी भारतीय नायिका माला सिन्हाका श्रीमान् हुन् ।

# ट्रेलरमा 'खजुरे ब्रो'



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैशाख २८ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म हो 'खजुरे ब्रो' । आइतबार राजधानीमा आयोजित एक कार्यक्रमकाबिच फिल्मको ट्रेलर सार्वजनिक गरिएको छ ।

कमेडी शैलीमा निर्माण भएको फिल्मको ट्रेलरमा कमेडीले नै प्राथमिकता पाएको छ । ट्रेलरमा सहकारीको ठगी विषय पनि समेटिएको छ । यसले फिल्ममा सहकारीको ठगीको विषय पनि रहेको अनुमान लगाउन सकिन्छ । ट्रेलरमा फिल्मका मुख्य कलाकार नीति शाह, रेअर राई, महेश त्रिपाठी, नवीन मानन्धर, विनिता थापाले नै प्राथमिकता पाएका छन् ।

फिल्ममा दुई तीनवटा थिमबाट निर्माण भएको निर्देशक सिमोस सुनुवारले बताए । 'अहिले टिकटक जेनरेशनले गर्दा एक मिनेटको भिडियोमा पूर्ण कथा खोज्ने दर्शक छन् । त्यसैले एउटै थिममा २, ३ घण्टा तन्काउनुभन्दा पनि एउटै थिम भित्र साना-साना ३ वटा कथा समेत भन्ने प्रयास फिल्ममा गरेको छु,'सुनुवारले भने । फिल्ममा फेन्ससिप, रोमान्स र सामाजिक विषय समेत रहेको निर्देशन सुनुवारले खुलाए । 'फिल्म पूर्ण मनोरञ्जनात्मक हिसाबले निर्माण भएको छ । दर्शकले रुचाउने अपेक्षा छ' उनले थपे ।

फिल्ममा खजुरे ब्रोको भूमिका निर्वाह गरेका अभिनेता रेअर राईले आफ्नो भूमिकाले दर्शकलाई राम्रोसँग हँसाउने बताए । फिल्ममा 'खजुरे' को चरित्रबाट धेरै कुरो सिक्न र जान्न मिलेको उनको धारणा थियो ।

त्यस्तै अभिनेता महेश त्रिपाठीले फिल्मको कथा फरक भएकोले आफू फिल्मसँग जोडिएको बताए । फिल्मले दर्शकलाई केही नयाँ र भिन्न अनुभूति दिने उनले धारणा राखे । फिल्म कर्मसियल रूपमा पनि सफल हुने आफू विश्वस्त रहेको सुनाए ।

अभिनेत्री नीतिले फिल्ममा डेब्यु अवसरका लागि निर्माण युनिटलाई धन्यवाद दिइन् । उनले फिल्मको ट्रेलरमा आफ्नो उपस्थिति धेरै नभए पनि फिल्ममा राम्रो उपस्थिति रहेको बताइन् ।

दिव्य दृश्य इन्टरटेन्मेन्टले मान्द्रो प्रोडक्सन तथा मल्टी प्रपोज प्रालिसँगको सहकार्यमा निर्माण गरेको फिल्ममा निर्माता नवीन मानन्धर तथा निर्देशक सुरज सुनुवार हुन् । सुनिल श्रेष्ठ, अनिल मानन्धर र पिकेश मानन्धर सह-निर्माता हुन् । डायमण्ड उप्रेती कार्यकारी निर्माता रहेको 'खजुरे ब्रो' मा शिशिर विशंखेको छायाङ्कन रहेको छ भने सम्पादक मित्र डी गुरुङ हुन् । अनमोल गुरुङको संगीत रहेको फिल्मलाई रोहित रत्नको आरआर फिल्मस्ले वितरण गर्दैछ ।

फिल्ममा नीति शाह, रेअर राई, महेश त्रिपाठी, नवीन मानन्धर, विनिता थापा, पुष्कर कार्की, प्रकाश भुजेल, मनिष राउत, प्रेम सुब्बा, सुजाता राई, दिप चन्द्र राईलगायतका कलाकारहरूको अभिनय छ । अभिनेत्री नीतिको यो डेब्यु फिल्म हो ।

# 'बुहारी' अब हिमालय टेलिभिजनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** टेलिश्रृंखला 'बुहारी' हिमालय टेलिभिजन र ओएसआरको युट्युब च्यानलमा एकसाथ प्रसारणमा आउने भएको छ । सोमबार राजधानीमा आयोजित एक कार्यक्रमका बिच टेलिश्रृखलाका निर्माता रामचन्द्र बोहराले ओएसआर डिजिटलका प्रमुख ओमप्रकाश अग्रवालसँग प्रसारण सम्झौता गरे ।

कार्यक्रममा टेलिश्रृंखला हिमालयन टेलिभिजनबाट प्रसारणको विषयमा हिमालय टिभीका प्रबन्ध निर्देशक श्याम कँडेल, ओएसआर डिजिटलका प्रमुख ओमप्रकाश अग्रवालबिच पनि सम्झौता भयो ।

सम्झौताअनुसार यो सिरियल शुक्रबार राती ९ बजे हिमालय टिभीमा प्रसारण हुनेछ भने सोही समयमा ओएसआरको युट्युब च्यानलमा पनि देख्न सकिनेछ । सिरियल २ वर्षको लागि सम्झौता भएको हो ।

युट्युबमा दर्शकले रुचाउँदै आएको 'बुहारी' यसअघि 'बुहारी अफिसियल' युट्युब च्यालबाट प्रसारण हुँदै आएको छ । अहिलेसम्म १७३ भाग 'बुहारी अफिसियल' युट्युबमा आएको टेलिश्रृंखलाको अबको भाग अर्थात १७४ बाट हिमालय टिभी र ओएसआरमा आउनेछ ।

''बुहारी' पछिल्लो समय दर्शकको रुजाइमा परेको टेलिश्रृंखला भएकोले आफूले प्रसारण गर्न लागेको हिमालय टिभीका प्रबन्ध निर्देशक कँडेलले बताए । उनले राम्रा टेलिश्रृंखला जति आफ्नो च्यानलमा रहेको ल्याउने नीति अनुरूप यो सिरियल भित्र्याएको बताए ।

दर्शकलाई लोकप्रिय टेलिश्रृंखला एउटै च्यानलमा उपलब्ध होस् भनेर जुठे र सीतापछि 'बुहारी' पनि राजेको बताए । 'बुहारी'मा रामचन्द्र बोहरा, अनिता बैजु, लक्ष्मी गिरी, देशभक्त खनाल, विजय देउजा, लक्ष्मणविक्रम बस्नेत, विद्या कार्की, महेश जंग थापा लगायतको अभिनय रहेको छ । बुहारीको रूपमा महिलाले गर्ने संघर्ष र संवेदनाको कथावस्तुमा निर्माण हुँदै आएको टेलिश्रृखलाका लेखक तथा निर्देशक रामचन्द्र बोहरा हुन् ।



# 'मनसरा'को 'झ्यालको' गीत

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपेन्द्र सुब्बाको निर्देशन रहेको फिल्म 'मनसरा' आगामी शुक्रबारबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । प्रदर्शन मिति नजिकिँदै गर्दा फिल्मको गीत 'झ्यालको' सार्वजनिक गरिएको छ ।

फिल्मका मुख्य कलाकार दयाहाङ राई, प्रविण खतिवडा र मिरुना मगरको फिल्ममा रहेको केही दृश्यहरू समावेश गीतले कथासार केही बुझाउँछ । झुमा लिम्बुको संगीत, हर्क साउदको शब्द र सनुप पौडेल र झुमा लिम्बुको स्वर गीतमा छ ।



'कविता कन्सर्ट' गर्दै केही फरक शैलीमा प्रचार गरेको निर्माण युनिटले गीतले पनि फिल्मको प्रचारमा सहयोग पुग्ने विश्वास लिएको छ ।

फिल्म बाहुन र लिम्बुनीको निकटताले निम्ताएको समस्याको कथामा बनेको छ । फिल्ममा दयाहाङ र मिरुनाको अलवा प्रविण खतिवडा, मेनुका प्रधानका अलावा हेमन्त बुढाथोकी शान्ति गिरी, नेनहान राईको अभिनय छ । निर्देशक सुब्बाकै लेखन रहेको फिल्मका निर्माता छायाँकार शैलेन्द्र ध्वज कार्की हुन् ।

विष्णु कुमार लिम्बु, मनोरथ पोखरेल, पर्शु अधिकारी, पिटर गुरुङ तथा जीवन लिम्बु थाक्लुङ सह-निर्माता रहेको फिल्ममा निमेश श्रेष्ठको सम्पादन छ । सिजन दाहाल कार्यकारी निर्माता रहेको फिल्मलाई एप्पल इन्टरटेन्मेन्ट कम्पनीले वितरण गर्दैछ ।



## पोखरा स्पोर्टस् अवार्ड

# चार विधाका मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता

**पोखरा–** आठौं संस्करणको पोखरा पोखरा स्पोर्टस् अवार्डको लागि चार विधामा मनोनयन सार्वजनिक भएको छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले पत्रकार सम्मेलन गर्दै स्पोर्टस् अवार्डको चार विधाको मनोनयन सार्वजनिक गरेको हो ।

पोखरा सभागृहमा वैशाख २८ गते हुने अवार्ड अन्तर्गत पुरुष वर्ष खेलाडी विधामा क्रिकेटका अर्जुन कुमाल, टेनिसका प्रदीप खड्का र भलिबलका हिमाल सुनारी मनोनयनमा परेका छन् । महिला वर्ष खेलाडी विधामा आर्चरीकी अनुस्का शेरचन, भलिबलकी अरुणा शाही र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर र १७ वर्ष मुनिका खेलाडीबिच प्रतिस्पर्धा हुने उदीयमान खेलाडी विधामा क्रिकेटकी ज्योत्सनिका मरासिनी, व्याडमिन्टनकी दिलासा राना र एथलेटिक्सका बादल कार्की मनोनयनमा परेका छन् । उत्कृष्ट प्रशिक्षक विधाको मनोनयनमा टेनिसका नीरज थापा, भलिबलका रमेश केसी र क्रिकेटका रिजन प्रजु छन् । स्पोर्टस् अवार्डमा ७ विधामा अवार्ड प्रदान गरिनेछ । बाँकी विधाहरू लाइफटाइम एचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेल संघ वा क्लब र पत्रकारिता अवार्डको घोषणा केहि दिनमा सार्वजनिक गर्ने जनाएको छ ।




पुरुष वर्ष खेलाडी र महिला वर्ष खेलाडी हुन सफल खेलाडीले इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्ने मञ्चका अध्यक्ष दिननाथ बरालले जानकारी दिए । लाइफटाइम अचिभमेन्ट अवार्ड प्राप्त गर्नेलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिनेछ । वर्ष उत्कृष्ट उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेल पत्रकार र वर्ष उत्कृष्ट खेलकुद संघ-संस्था वा क्लबतर्फका विजेताले नगद ३५ हजार सहित ट्रफी पाउने अध्यक्ष बरालले बताए । उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरूलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिने समेत मञ्चले जनाएको छ । मञ्चले खेल क्षेत्रमा ऊर्जा थप्ने उद्देश्यले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ ।

# लुम्बिनी बन्यो टी-२० क्रिकेट च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिषेक गौतमको कसिलो बलिङसँगै लुम्बिनी प्रदेशले वीर गणेशमान सिंह राष्ट्रिय टी-२० क्रिकेट च्याम्पियनसिपको उपाधि जितेको छ ।

सोमबार सम्पन्न खेलमा कर्णालीलाई ३१ रनले पराजित गर्दै लुम्बिनीले उपाधि जितेको हो । लुम्बिनीले दिएको ११७ रननको लक्ष्य पछ्याएको कर्णालीले १५.३ ओभरमा सबै विकेट गुमाउँदै ८५ रन मात्रै बनायो ।

कर्णालीका विपन शाहीले सर्वाधिक २८ रन बनाए । १८ बल खेलेका उनले ४ चौका र १ छक्का प्रहार गरे । विपिन रावल २३ रनमा आउट हुँदा दीपेन्द्र रावत १२ रनमा अविजित रहे । कर्णालीका अन्य कुनै खेलाडीले राम्रो प्रदर्शन गर्न सकेनन् ।

लुम्बिनीका अभिषेक गौतमले सर्वाधिक ५ विकेट लिए । ३.३ ओभर बलिङ गरेका उनले १० रन मात्रै खर्चिए । नर सार्कीले २ विकेट लिँदा देव खानाल र निर्मल गुरुङको नाममा १/१ विकेट रह्यो ।

त्यसअघि मूलपानी क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ थालेको लुम्बिनीले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ११६ र बनाएको थियो ।

लुम्बिनीका मृणाल गुरुङले सर्वाधिक २७ रन बनाए । ३० बल खेलेका उनले ३ चौका प्रहार गरे । विराट भण्डारी २६ र कृष्ण कार्की २२ रनमा आउट हुँदा अन्यले राम्रो प्रदर्शन गर्न सकेनन् ।

कर्णालीका युनिस ठकुरीले सर्वाधिक ३ विकेट लिए । ४ ओभर बलिङ गरेका उनले १७ रन खर्चिए । दिनेश अधिकारी र दिवश पुनले २/२ विकेट लिँदा प्रकाश जैशीको नाममा १ विकेट रह्यो ।

# सिद्धार्थनगर मेयर कपको उपाधि ३ नम्बर वडालाई

■ प्रभाव संवाददाता

**भैरहवा–** सिद्धार्थनगर मेयर कप क्रिकेट प्रतियोगिताको उपाधि वडा नम्बर ३ ले जितेको छ । सिद्धार्थनगर नगरपालिकाको आयोजनामा भैरहवामा सम्पन्न नगरस्तरीय मेयर कप क्रिकेट प्रतियोगितामा वडा नम्बर १ को टिमलाई पराजित गर्दै वडा नम्बर ३ ले उपाधि जितेको हो । भैरहवास्थित सिद्धार्थ रंगशालामा आइतबार भएको फाइनल खेलमा वडा नम्बर ३ ले वडा नम्बर १ लाई ६ विकेट पराजित गर्दै उपाधि चुम्न सफल भएको छ ।




टस जितेर वडा नम्बर ३ ले वडा नम्बर १ लाई व्याटिङको निम्तो दिएको थियो । कूल १२ ओभरको खेलमा ११ ओभर २ बलमा वडा नम्बर १ को टिमले अलआउट हुँदै ११२ रन जोडेको थियो । जस्को लागि वडा नम्बर १ का गौतम बारीले ४२, मनिस थापाले २२ र कन्हैया यादवले अविजित १७ रन जोडेका थिए । वलिङ तर्फ वडा नम्बर ३ का समिर मुसलमानले ३, अर्जुन चौहान र अरमान मुसलमानले २-२ विकेट त्यस्तै रमेश कुर्मी र मैनुदिन शेखले समान १-१ विकेट लिए ।

११३ रनको लक्ष्य पाएको वडा नम्बरले ३ ले प्रतिउत्तरमा १० ओभर ५ बलमा लक्ष्य पार गर्दै जित निकाल्यो । जसका लागि विजय सुनारले ४१, आनन्द गौडले अविजित ३४ रन बनाए । बलिङ तर्फ वडा नम्बर १ का आजाद खान, सोहेल खान, सोनु धवल र गौतम बारीले १-१ विकेट लिए । फाइनल खेलको म्यान अफ द म्याचबाट वडा नम्बर ३ का समिर मुसलमान पुरस्कृत भई एक हजार रूपैयाँ प्राप्त गरेको खेल संयोजक तथा वडा नम्बरका ६ का अध्यक्ष विरेन्द्रनाथ श्रीवास्तवले जानकारी दिए ।

जितसँगै वडा नम्बर ३ ले नगद ५१ हजार रूपैयाँसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेतामा वडा नम्बर १ ले २५ हजार ५ सय रूपैयाँसहित कप, मेडल र प्रमाणपत्र प्राप्त पारेको छ । उपविजेता टिमले पुरस्कार रकम मध्येबाट त्यस वडामा भएको दुर्घटनामा घाइतेहरूका लागि उपचार सहयोग गर्ने घोसणा गरेको छ । प्रतियोगितामा वडा नम्बर ६ का प्रवेज आलम प्लेयर अफ द सिरिज (उत्कृष्ट खेलाडी) भई ५ हजारसहित ट्रफी र प्रमाण पत्र पाए भने वडा नम्बर ११ का जुबैर आलम उत्कृष्ट बलर हुँदा वडा नम्बर ३ का आनन्द गौड उत्कृष्ट ब्याट्स म्यान बने । उनीहरू दुवैजनाले जनही २ हजार २ सय ५० का दरले नगदसहित ट्रफी र प्रमाणपत्र पाए ।

विजेता र उपविजेता खेलाडीहरूलाई सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इशितयाक अहमद खा, उपमेयर उमा अधिकारी, प्रमुख प्रशासकीय अधिकृत जनक थापा, वडाध्यक्षहरूलगायतले पुरस्कार प्रदान गरेका थिए । प्रतियोगिताको अवसरमा नगरपालिकाले पूर्व राष्ट्रिय खेलाडीलाई समेत सम्मान गरेको छ । स्थानीयस्तरबाट नयाँ-नयाँ खेलाडी उत्पादन गर्न टेवा पुगोस् भन्ने हेतुले प्रतियोगिता आयोजना गरिएको नगरपालिकाले जनाएको छ ।

बैशाख १३ गते देखि सुरु भई १६ गतेसम्म भएको प्रतियोगितामा सिद्धार्थनगरका १३ वटै वडाका टिमहरूको सहभागिता रहेको थियो । गत वर्ष उपविजेता बनेको वडा नम्बर ३ अहिले विजेता बनेको छ । आइतबार नै भएको सेमिफाइनल खेलमा वडा नम्बर १ ले वडा नम्बर २ दुईलाई ७ विकेटले पराजित गर्दै र वडा नम्बर ३ ले वडा नम्बरल ६ लाई ५ विकेटले पराजित गर्दै फाइनलमा पुगेका थिए ।

स्थानीयस्तरमा नयाँ-नयाँ खेलाडी उत्पादन गरी समग्र क्रिकेट खेलको विकास, स्थानीय स्तरमा रहेका क्रिकेटरको प्रतिभा प्रस्फुटन गर्ने र युवाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो यसलाई आगामी वर्षमा अझै व्यवस्थित गर्दै लैजाने योजना नगरपालिकाको रहेको छ ।

# ‘प्रविधिले खाद्य सुरक्षाका लागि उदीयमान अर्थतन्त्रमा कृषिलाई आकार दिन सक्छ’




**रियाद-** विश्व आर्थिक मञ्चले जारी गरेको एक प्रतिवेदनले विश्वव्यापी कृषि प्रणालीलाई आकार दिने र खाद्य सुरक्षामा योगदान पुऱ्याउने उदीयमान प्राविधिक समाधान र रणनीतिलाई प्रकाश गरेको छ । ‘एग्रिटेक : सेपिङ एग्रिकल्चर इन इमर्जिङ इकोनमिज, टुडे एण्ड टुमरो’ नामक प्रतिवेदनले कृषि क्षेत्रमा चौथो औद्योगिक क्रान्ति प्रविधिको एकीकरणमा अन्तरदृष्टि प्रदान गरेको छ । प्रतिवेदनमा प्रविधि परिवर्तन समावेशी होस् भन्ने उद्देश्यले ठूलो मात्रामा समाधान गर्न र सुनिश्चित गर्नसमेत आह्वान गरिएको छ ।

‘एग्रिटेकलाई मापन गर्न उदीयमान अर्थतन्त्रहरूले एग्रिटेक इकोसिस्टमका लागि सबै सरोकारद्वारा साझा गरिएको आम दृष्टिकोण बनाउन आवश्यक छ,’ मञ्चको नेटवर्क तथा साझेदारी प्रमुख सेबास्टियन बकअपले भने, ‘इकोसिस्टमको विकास भएपछि उद्योगका लागि माग र आपूर्ति पक्षमा रहेको खाडललाई सम्बोधन गर्न महत्त्वपूर्ण हुन्छ, जस्तो कि किसानहरूका लागि एकाइ अर्थशास्त्र वा भौतिक तथा डिजिटल च्यानलहरूको मिश्रणमार्फत विश्वास सिर्जना गरिन्छ ।’

संवर्द्धित वास्तविकता, मौसम पूर्वानुमानका लागि कृत्रिम बौद्धिकता (एआई), ट्रेसेबिलिटी, स्मार्ट लजिस्टिक समाधान र इन्टरनेट अफ थिंस आशाजनक समाधानहरू भएको प्रतिवेदनमा उल्लेख छ । यिनीहरूले सूचना अन्तर कम गर्न र किसानहरूलाई चुनौतीहरू व्यवस्थापन गर्न अझ राम्रोसँग लैजान सक्ने प्रतिवेदनमा भनिएको छ । यी प्रविधिहरूलाई सन् २०५० सम्ममा नौ अर्ब १० करोड मानिसका लागि थप ७० प्रतिशत खाद्यान्न उब्जाउन र कृषि क्षेत्रलाई रूपान्तरण गर्न महत्त्वपूर्ण मानिएको छ ।

जलवायु परिवर्तनको प्रभाव, प्राकृतिक प्रकोपको बढ्दो आवृत्ति र माटोको क्षयजस्ता चुनौतीहरूले विश्वव्यापी रूपमा खाद्यान्न उत्पादनमा गम्भीर खतरा उत्पन्न गरेको प्रतिवेदनले औंल्याएको छ । यी चुनौतीहरूलाई सम्बोधन गर्न कृषि क्षेत्रका प्रत्येक सरोकारवालाहरू सूचित निर्णय प्रक्रियालाई सहज बनाउन थप जानकार बन्न आवश्यक छ ।

‘कृषि क्षेत्रमा उदीयमान अर्थतन्त्रहरूले साझा अवरोधको सामना गरिरहेका छन् । एग्रिटेकमा कृषिसँग किसानलाई जलवायु परिवर्तनलाई राम्रोसँग मार्गनिर्देशित गर्न र पानी, माटोजस्ता बहुमूल्य प्राकृतिक स्रोतमा दबाब कम गर्न सशक्त बनाउन परिवर्तनकारी क्षमताहरू रहेका छन्,’ पिडब्ल्युसी भारतका अध्यक्ष सञ्जीव कृष्णनले भने, ‘यी कदम सार्वजनिक-निजी साझेदारीलाई बढावा दिन निहित छन् तर मापनयोग्य मात्र नभई प्रत्येक देशको अद्वितीय सन्दर्भमा पनि अनुकूल छन् ।’ *रासस/एएनआई*

## चीनले विद्यालयमा दुर्व्यवहार विरूद्ध अभियान सुरू गर्ने

**बेइजिङ-** प्राथमिक, माध्यमिक विद्यालय र किन्डरगार्टेनहरूमा विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न व्यापक प्रयासहरूबीच चीनमा राष्ट्रव्यापी दुर्व्यवहारविरोधी अभियान सुरु गरिने अधिकारीहरूले बताएका छन् ।

शिक्षा तथा सार्वजनिक सुरक्षा मन्त्रालयका साथै अग्नि तथा उद्धार प्रशासनको संयुक्त बैठकले सबै प्राथमिक र माध्यमिक विद्यालयमा दुर्व्यवहारका घटनामा केन्द्रित भएर बृहत् अनुसन्धान गरिने जनाएको छ । बैठकले जवाफदेहिता प्रणालीमा सुधारका लागि पहल गर्नुका साथै कानुनको शासनबारे शिक्षक, विद्यार्थी र अभिभावकलाई शिक्षित गराउनुपर्नेमा जोड दिएको थियो ।

बैठकले विद्यार्थीहरूको मानसिक स्वास्थ्य अनुगमनमा सुधार गर्नुपर्ने आवश्यकतालाई जोड दिँदै विद्यार्थीहरूलाई अनिवार्य शिक्षामा गृहकार्य र विद्यालयबाहिरको टयुटरिङको अत्यधिक बोझलाई कम गर्न ठोस कदम चाल्न आह्वान गरेको छ । विशेषगरी ग्रामीण तथा आवासीय विद्यालयमा विद्यालय भवनको सुरक्षा, आगलागी रोकथाम र खाद्य सुरक्षालाई सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नेगरी सुरक्षा उपायहरू सुधार गर्न प्रयास गरिने बैठकले जनाएको छ । *रासस/सिन्ह्वा*

## श्रीलंकाद्वारा ब्रिक्समा सामेल हुने आशा व्यक्त

**कोलम्बो-** रुसका लागि श्रीलंकाका राजदूत जनिता अबेविक्रमा लियानागेले निकट भविष्यमा ब्रिक्समा सामेल हुने आशा राखेको बताएका छन् ।

रुसको सेन्ट पिटर्सबर्गमा सुरक्षा मामिलाका लागि जिम्मेवार उच्च प्रतिनिधिहरूको भर्खरै भएको अन्तर्राष्ट्रिय बैठकमा श्रीलंकाको सहभागितापछि उनले उक्त टिप्पणी गरेका हुन् । राजदूत लियानागेले श्रीलंकाले ब्रिक्समा सामेल भएर यातायात र खाद्य सुरक्षामा धेरै फाइदा लिन सक्ने बताए ।

ब्रिक्स एउटा उदीयमान बजार सहकारी संयन्त्रको संक्षिप्त रूप हो । यसमा प्रारम्भमा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका समावेश थिए ।

जनवरी १ मा साउदी अरेबिया, इजिप्ट, संयुक्त अरब इमिरेट्स, इरान र इथियोपिया ब्रिक्समा सामेल भएपछि हाल यसको सदस्य संख्या पाँचबाट बढेर १० पुगेको छ । *रासस/सिन्ह्वा*

## प्रमुख थाई कार्यकर्तालाई थप दुई वर्षको कारागार सजाय

**बैंकक-** थाइल्याण्डको एक अदालतले सोमबार मुलुकका प्रमुख प्रजातन्त्र कार्यकर्तामध्येका एकलाई शाही अपमानको आरोपमा थप दुई वर्षको कारागार सजाय सुनाएको छ ।

प्रख्यात मानवअधिकार वकिल अर्नोन नम्पाविरुद्ध लगाइएको यो पछिल्लो आरोप हो । उनले अहिले १० वर्षभन्दा धेरै कारागार सजायको सामना गरेका छन् । सन् २०२१ मा फेसबुकमा पोस्ट गरिएको तीन सन्देशका लागि जनवरीमा चार वर्षको कारागार सजाय सुनाइएपछि उनी हाल कारागारमा छन् । यसमा उनले पहिला नै लेज-मेजेस्टे (शासकको मर्यादा उल्लंघन गर्ने अपराध) का लागि चार वर्षको सजाय भोगिरहेका छन् ।

सरकारले असहमतिलाई दबाउन कठोर कानुनको प्रयोग गरेको र राजा महा वजिरालोंगकर्न तथा उनका परिवारको रक्षा गर्ने कठोर कानुनअन्तर्गत धेरै मानिसमाथि मुद्दा चलाएको आलोचकहरूले बताएका छन् । बैंककको आपराधिक अदालतले थाइल्याण्डको शाही मानहानि कानुनमा संशोधनका लागि सन् २०२१ मा हचारी पोर्टर-थिम च्यालीमा आह्वान गरेकामा अर्नोनलाई दुई वर्ष २० दिनको कारागार सजाय सुनाइएको थियो ।

थाई लयर्स फर ह्युमन राइट्सले उनलाई लेज-मेजेस्टेको उल्लंघन, आपत्कालीन आदेशको अवहेलना र विनाअनुमति लाउडस्पिकरको प्रयोगसहित चार आरोपमा दोषी पाएको बताएको छ । सन् २०२० मा थाइल्याण्डका युवाहरूको नेतृत्व गर्ने लोकतन्त्र समर्थक विरोध प्रदर्शनमा राजतन्त्रको सुधारका लागि अभूतपूर्व आह्वान गर्न हजारौं मानिस सडकमा उत्रिएका थिए ।

अर्नोनलाई सजाय सुनाउँदै आपराधिक अदालतले लाउडस्पिकर प्रयोग गरेकामा १५० भाट जरिवानासमेत गरेको थियो । हालैका वर्षहरूमा लेज मेजेस्टे कानुनअन्तर्गत आरोप लगाइएका १५० भन्दा बढी कार्यकर्तामध्ये अर्नोन एक छन् । लेज मेजेस्टेलाई फौजदारी संहिताको प्रासंगिक खण्डपछि ‘११२’ भनिन्छ । *रासस/एएफपी*


### साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CELINE STAR TRADING EST

पूर्व स्वीकृति मिति: २०८१/०१/१७ | LT No. 303973 | चलानी नं. ६०२१८७८१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Kitchen Worker | 4 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २५ गते (7th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**

Govt. License 1553/079/80

Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

### मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRIBUMI VENTURES SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१७ | LT. No. 289822 | चलानी नं. ६०२०५०२६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 36 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २५ गते (7th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**

श्रम ईजाजत नं. १०१९/०६८/०६९

Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHATHER LADIES SALON COMPANY.

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१७ | LT No :279228 | चलानी नं. ६०१९४८४८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Beautician (Female) | 0 | 6 | 150 | ६५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Indoor) | 0 | 9 | 120 | ५२,०५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २५ गते (7th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ganapati Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. २५८/०५८/०५९

Sinamangal -9 Kathmandu, Mobile: 9813951511, 9810195400,9851023416,9813906565,9851002766
Email: ganapatioverseas8093@gmail.com

### कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALAM HYPERMARKET

पूर्व स्वीकृति मिति २०८०/०६/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/१७ | LT. No. 293429 | चलानी नं. ६०२०८६२८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Salesman | 0 | 5 | 1300 | ४७,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २५ गते (7th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kaushik Janashakti International Pvt. Ltd.**

श्रम ईजाजत नं. 330/059/60

Prakash Ashram Marg, Airport Kathmandu, Nepal
Email : info@kjinepal.com / kjinepal2022@gmail.com
Contact no: 01 5911977,015911978, 9863028276
Website: www.kjinepal.com

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०३/२१ मा दर्ता भएको प्रा.लि.नं.४०२६७/०६३/०६४ को **एडमिसन ग्राफिक्स प्रा.लि.** को मिति २०८१/०१/१२ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: मान बहादुर लामीछाने, इजाजत पत्र नं. ००१,**
**ठेगाना: अनामनगर, काठमाडौं, फोन नं. ९८४१०७४५७७**

### जानकारी सम्बन्धमा

यस **Sampaanata Overseas Pvt. Ltd** इजाजत नं. १५७९/०७९/०८० को नाम दुरूपयोग गरी इटहरी-०६, सुनसरीमा यस प्रा.लि. को शाखा संचालन भइरहेको भन्ने जानकारी हामीमा प्राप्त हुन आएको हुँदा यस प्रा.लि. ले वैदेशिक रोजगार विभागबाट कुनै पनि शाखा मन्जुरी नलिएको र उक्त शाखाको जिम्मेवार यस प्रा.लि नरहेको तथा यस शाखासँग कुनै किसिमको लेनदेन, आर्थिक कारोवार अन्य उचित क्रियाकलाप गरे गराएको पाइएमा यस प्रा.लि. जवाफदेहि नहुने यसै सूचना मार्फत जानकारी गराउदछौं ।

**SAMPAANATA OVERSEAS PVT. LTD.**

Govt. License 1579/079/080

Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com


## Mandandeupur Municipality
### Office of Municipal Executive
**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

### INVITATION FOR SEALED QUOTATION

*(Date Of publication: 30th April 2024)*

Mandandeupur Municipality invites Sealed quotation from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp

| S/n | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Shit bhandar nirman Karyakaram | 32/Works/SQ/MDM/080/81 | 15/05/2024 12:00 hrs. | 15/05/2024 13:00 hrs. | Nrs.1000 | Nrs.37300.00 | Nrs.1,320,353.52 |


### वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १३७२०० | प्रति तोला - १३६५५० | प्रति तोला - १६६५ |

## 'लगानी सम्मेलन सफल भयो, उत्साहित भएका छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले तेस्रो लगानी सम्मेलन-२०२४ भव्य रूपमा सफल भएको बताएका छन् । सम्मेलनमा सहभागी हुन आएका विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडिपी) तथा नेपालका लागि विभिन्न देशका राजदूतहरूसँगको साइडलाइन बैठकमा बोल्दै सोमबार बिहान उनले सम्मेलन सफल भएको बताए ।

उनले लगानी सम्मेलनमा विकास साझेदारहरूको सक्रिय सहभागिताले आफूहरू उत्साहित भएको उल्लेख गरे । विकास साझेदार, लगानीकर्ता र सरोकारवालाहरूको उल्लेख्य उपस्थितिले लगानी सम्मेलन सफल भएको उनको भनाइ थियो । लगानी सम्मेलनमा भएको उपस्थितिले नेपाल लगानीका लागि विश्वकै उत्कृष्टमध्येको लगानी गन्तव्य भएको पुष्टि गरेको मन्त्री पुनले बताए । बैठकमा विकास साझेदार हरूसँगको सहकार्यलाई आगामी दिनमा थप सुमधर बनाइने प्रतिबद्धता जनाए । 'जुन स्तरमा लगानीकर्ता, विकास साझेदार र सरोकारवालाहरूको उपस्थिति देखिएको छ, त्यसबाट लगानी सम्मेलन सफल भएको छ,' मन्त्री पुनले भने, 'नेपाल लगानीका लागि उदीयमान र आकर्षक गन्तव्य हो र यहाँ लगानीका प्रसस्त अवसरहरू छन् भन्ने तथ्यलाई स्थापित गर्न हामी सफल भएका छौं ।'

सम्मेलनको उदघाटन सत्रमा सरकारका तर्फबाट मात्र नभई प्रमुख प्रतिपक्षी दलका नेताको उपस्थिति र प्रतिबद्धताले लगानी वातावरण बनाउने सन्दर्भमा सिंगो देश एकढिक्का रहेको सन्देश विश्वर प्रवाह भएकामा खुसी व्यक्त गरे ।

नेपालको विकास प्रयासमा साथ दिन विकास साझेदारका तर्फबाट सम्मेलनमा भएको उपस्थिति र प्रतिबद्धताका लागि धन्यवाद दिए । 'उदघाटन सत्रमा प्रतिपक्षी दलका नेता, निजी क्षेत्रका प्रतिनिधि, विपक्षी लगानीकर्ताहरू र सम्बन्धित सरोकारवालाहरूबाट नेपालमा लगानीका लागी राम्रो वातावरण बनेको सुन्न पायौं,' उनले भने, 'त्यो समर्थनका लागि सरकारका तर्फबाट भन्यवाद दिन चाहन्छु र भन्न चाहन्छु कि वास्वतमै यो हाम्रो सामूहिक शक्ति हो ।'

उनले लगानी सम्मेलनमा प्रदर्शनीमा राखिएका आयोजनाहरूमा विकास साझेदार र लगानीकर्ताको राम्रो आकर्षण देखिएकामा खुसी व्यक्त गरे । मन्त्री पुनले विगतदेखि गरिँदै आएको प्रतिबद्धताअनुसार लगानीमैत्री वातावरण बनाउन अध्यादेशमार्फत ९ वटा कानूनमा गरिएको संशोधनले लगानीकर्तामा विश्वास बढेको अनुभूति भएको उल्लेख गरे । यस्तै विकास साझेदार हरूले चासो राख्दै आएको मुलुकको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) को प्रक्रिया अघि बढेको जानकारी उनले गराए । यस्तै मन्त्री पुनले सरकार नीतिगत सुधार र नीतिगत स्थायित्व कायम गर्न तथा काम गर्ने सिलसिलामा आइपरेका समस्या समाधान गरी लगानी अनुकूल वातावरण तयार गर्न प्रतिबद्ध रहेको सन्देश लगानीकर्तालाई दिन विकास लगानीकर्तालाई आग्रह गरे । मन्त्री पुनले नेपालको ऊर्जा, पर्यटन, सूचना प्रविधि, कृषि व्यवसाय र पूर्वाधारका परियोजनाहरूमा प्रचुर सम्भावना रहेको औंल्याए । नेपाल अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती हुने अवधि नजिकै आइसकेको उल्लेख गर्दै उनले त्यसका लागि अरु क्षमता विकासलाई सरकारले प्राथमिकतामा राखेको जानकारी दिए ।

उनले नेपाल दुई ठूला उदयीमान अर्थतन्त्र भएका चीन र भारतको बीचमा रहेका रहेका कारण नेपालमा स्वदेशी तथा विदेशी लगानीका लागि ठूलो अवसर रहेको बताए । नेपालको जैविक विविधता तथा प्राकृतिक श्रोतहरूको प्रचुरताका कारण पनि व्यावसायिक सम्भावना उच्च रहेको मन्त्री पुनको भनाइ थियो । आगामी दिनमा थप नीतिगत र कानूनी सुधार तथा प्रक्रियागत सरलीकरणमार्फत व्यवसायिक वातावरण सुधारको काम गर्दै जाने उनको प्रतिबद्धता जनाए ।

## कर्पोरेट

### ग्लोबल आइएमईको ८.९९ मै स्थिर ब्याजदर कर्जा योजना




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले ८.९९ प्रतिशत स्थिर ब्याजदरमा ग्लोबल ग्रीन आवास कर्जा योजना ल्याएको छ । यस कर्जा योजनाअन्तर्गत ७ वर्षसम्मको कर्जा अवधिमा अधिकतम् १२ करोड रूपैयाँसम्म कर्जा लिन पाउने व्यवस्था रहेको छ ।

वातावरण मैत्री गतिविधिहरूलाई उत्प्रेरित गर्ने उद्देश्यले बैंकले दिगो विकास लक्ष्य अनुरूप विभिन्न बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आइरहेको छ । यस योजनाअन्तर्गत सहभागी हुने सेवाग्राहीलाई मोबाइल बैंकिङ्ग तथा क्रेडिट कार्ड समेत निशुल्क जारी गरिनेछ ।

इको-फ्रेन्डली घर/भवन र अपार्टमेन्टहरूको निर्माण गर्न, पर्यावरण-मैत्री व्यक्तिगत घर वा आवासीय अपार्टमेन्ट तथा फ्ल्याटहरू खरिद गर्नका लागि यो कर्जा लिन सकिनेछ । यसका साथै वातावरणमैत्री उपायहरू अवलम्बन गर्ने क्रममा विद्यमान भवनहरूलाई पर्यावरणमैत्रीमा स्तरोन्नति तथा इको-फ्रेन्डली भवनहरूको मर्मत सम्भारका लागि समेत यस कर्जाको उपभोग गर्न सकिनेछ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्र रहेका छन् ।

### सिटिजन्स बैंकद्वारा फातिमा फाउन्डेसनलाई सिलाई मेसिन प्रदान

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले आफ्नो संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत फातिमा फाउन्डेसन नेपाललाई सहयोग प्रदान गरको छ । बाँकेमा अवस्थित फातिमा फाउन्डेसन महिलाले नेतृत्व गरि चलाउँदै आएको एक सामाजिक संस्था हो । जसले मुस्लिम, मधेशी र अन्य पिछडिएका बर्गका महिला तथा बालबालिकाहरूको हकहितका लागी काम गर्दै आएको छ ।

बैंकले फातिमा फाउन्डेसनमा आवद्द विपन्न पृष्ठभूमिका महिलाहरूलाई स्वरोजगार सृजना गर्ने उद्देश्यका साथ २० वटा सिलाई मेसिन सहयोग स्वरूप वितरण गरेको छ । बैंकले यस कार्यबाट विपन्न समुदायका महिलाहरूमा रोजगारीको अवसर सिर्जना हुने, आय आर्जन हुने र उनीहरूको जीवनशैलीको पनि स्तरोन्नति हुने विश्वास लिएको छ ।




संस्थामा आयोजित एक समारोहका बीच बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोग स्वरूप सिलाई मेसिनहरू हस्तान्तरण गरे । समारोहलाई सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले बैंकको यो सानो पहलले महिलाहरूलाई आत्मनिर्भर बन्न र उनीहरूको जीवनस्तर उकास्न मद्दत गर्ने विश्वास व्यक्त गरे । विपन्न समुदायका महिलाहरूलाई सहयोग प्रदान गर्न पाँउदा आफु हर्षित भएको पनि बताए ।

बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको र आगामी दिनमा पनि गर्ने योजना रहेको जानकारी गराएको छ ।

### आइएमई लाइफको तेस्रो त्रैमासिक वित्तीय विवरण सार्वजनिक

**काठमाडौं (प्रस)–** आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले चालू आर्थिक वर्षको तेस्रो त्रैमासिक वित्तीय विवरण सार्वजनिक गरेको छ

IME LiFE INSURANCE COMPANY LIMITED

यस त्रैमाससम्म कम्पनीको खुद नाफा ३३ करोड १५ लाख ६० हजार रूपैयाँ रहेको छ । गत आर्थिक वर्षको सोहीअवधिको तुलनामा कम्पनीको खुद नाफा ७५.७९ प्रतिशतले बढेको हो । गतवर्ष सोही अवधिसम्म कम्पनीले १८ करोड ८६ लाख १३ हजार खुद नाफा गरेको थियो ।

चालू आर्थिक वर्षको त्रैमाससम्म कम्पनीले ३ अर्ब २९ करोड १५ लाख कुल बीमा शुल्क आर्जन गरेको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कम्पनीको कुलबीमा शुल्क आर्जन १०.२४ प्रतिशत बढी हो । गत आर्थिक वर्षको सोही अवधिसम्म कम्पनीले २ अर्ब ९८ करोड ५८ लाख कुलबीमा शुल्कआर्जन गरेको थियो ।

यस अवधिमा कम्पनीले ३अर्ब ११ करोड ५६ लाख रूपैयाँ खुदबीमा शुल्क आर्जन गरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा कम्पनीले २ अर्ब ८९ करोड ४ लाख रूपैयाँ खुदबीमा शुल्क आर्जन गरेको थियो । गतआर्थिक वर्षको सोही अवधिको तुलनामा कम्पनीको खुद बीमा शुल्क आर्जन ७.७९ प्रतिशत बढी हो ।

कम्पनीको चुक्ता पुँजी ४ अर्ब रूपैयाँ रहेको छ । चालु आर्थिक वर्षको समिक्षा अवधिमा कम्पनीले शेयर प्रिमियम शीर्षकमा १ अर्ब ५३ करोड रूपैयाँ संचित गरेको छ । यस अवधिमा कम्पनीको महाविपत्ती कोषमा १५ करोड ९१ लाख रूपैयाँ र संचित जगेडा कोषमा ८५ करोड ९२ लाख रूपैयाँ रहेको छ । यस अवधिसम्म कम्पनीको वार्षिक प्रतिशेयर आम्दानी ११ रूपैयाँ ५ पैसा रहेको छ भने प्रतिशेयर नेटवर्थ १७७ रूपैयाँ २५ पैसा रहेको छ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ